नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

प.सः ०८२/८३
च.नं.:- मा.वे.नि./

फोन नं : ४२००२१६
फ्याक्स : ०१-४२००११६

# सूचना

विषयः सम्मानका लागि आवेदन दिने सम्बन्धमा ।

विगत वर्षहरुमा जस्तै यस वर्ष पनि यस मन्त्रालयको आयोजनामा नेपाल सरकारले मानव बेचबिखन विरुद्धको १९औं राष्ट्रिय दिवस यही भाद्र २० गते मनाउन गईरहेको व्यहोरा जानकारीका लागि अनुरोध छ। उक्त दिवसका अवसरमा मानव वेचविखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा उल्लेखनीय कार्य गरेका एक स्थानीय तहलाई सम्मान प्रदान गर्ने कार्यक्रम रहेको छ। सो सन्दर्भमा सम्मानका लागि योग्य स्थानीय तहले मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सम्पादित तपशील बमोजिमको कामहरुको विवरण सहित यही भाद्र ७ गते भित्र यस मन्त्रालयको इमेल ठेगाना **nccht.nepal@gmail.com** मा आवेदन गर्नुहुन अनुरोध छ ।

<u>तपसिल</u>

१. नीति तथा कार्यक्रम र बजेटमा संबोधन भएको मानव वेचबिखन तथा ओसारपसार नियन्त्रणको विषय,
२. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति (LCCHT) को गठन भएको मिति,
३. गत आ.व. मा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति (LCCHT) को बैठक संख्या
४. मानव बेचबिखन तथा ओसारपसार पीडित/प्रभावितहरुका लागि सञ्चालित पुनर्स्थापना केन्द्रसँग समन्वय, सहजीकरण र सहकार्य भएको विवरण,
५. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति (DCCHT) सँग समन्वय र सहकार्य भएको विवरण।

मितिः २०८२।०४।२९

बसन्त प्रसाद पन्थी
उपसचिव

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

प.सः ०८२/८३
च.नं.:- मा.वे.नि./

फोन नं : ४२००२१६
फ्याक्स : ०१-४२००११६

# सूचना

विषयः पुरस्कार तथा सम्मानका लागि आवेदन दिने सम्बन्धमा ।

विगत वर्षहरुमा जस्तै यस वर्ष पनि यस मन्त्रालयको आयोजनामा नेपाल सरकारले मानव बेचबिखन विरुद्धको १९औं राष्ट्रिय दिवस यही भाद्र २० गते मनाउन गईरहेको व्यहोरा जानकारीका लागि अनुरोध छ। उक्त दिवसको अवसरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा उल्लेखनीय कार्य गर्ने गैरसरकारी संस्थालाई पुरस्कार तथा सम्मान र मिडिया (विद्युतीय माध्यमबाट १ र छापा माध्यमबाट १ संस्था) लाई सम्मान प्रदान गर्ने कार्यक्रम रहेको छ। सो सन्दर्भमा पुरस्कार तथा सम्मानका लागि व्यक्ति तथा संस्था छनौट तथा सिफारिस उपसमितिको मिति २०८२।०४।२८ मा बसेको बैठकको निर्णयानुसार संघसंस्थाबाट पुरस्कार तथा सम्मानका लागि व्यक्ति र संस्था र सञ्चार माध्यमबाट सम्मानका लागि संस्था छनौट गर्न कार्यसमूहहरु गठन भएकोले पुरस्कार तथा सम्मानका लागि योग्य व्यक्ति/संस्थाहरुले यही भाद्र ७ गते भित्र तपशीलको इमेल ठेगानामा आवेदन गर्नुहुन अनुरोध छ ।

<u>तपशील</u>

१. सञ्चार माध्यमका लागि

Email: patrikanepali@yahoo.com,

सम्पर्क नं. ९८५११६०००० , ९८५११८२८६५ , ९८४६०६७८८८

२. गैरसरकारी संघसंस्थाका लागि

Email: aatwin@ntc.net.np,

सम्पर्क नं. ०१-५३२९७८७ , ९८४१६४७९२६

मितिः २०८२।०४।२९

बसन्त प्रसाद पन्थी
उपसचिव